# बिद्यार्थीसँग प्रशासन कार्यक्रम

देश प्रतिको सम्मान बढाउने, प्रशासनिक संयन्त्र प्रति नयाँ पुस्ताको विश्वास बढाउने, सरकारी कार्यालयले प्रदान गर्ने सेवाहरुको जानकारी गराउने लगाएतको उद्देश्य सहित जिल्लामा रहेका सरकारी कार्यालय र जिल्लाका विद्यालय/कलेजहरुमा अध्ययनरत विद्यार्थीहरु बिच विद्यालयमा नै गएर छलफल, प्रस्तुतीकरण गर्ने गरी जिल्ला प्रशासन कार्यालय नवलपरासी(बर्दघाट सुस्ता पूर्व) को नेतृत्वमा "विद्यार्थीसँग प्रशासन" अभियान सुरु गरीएको छ।जस अन्तर्गत आगामी ३ महिना सम्ममा कम्तिमा जिल्लाका सबै पालिकाका १२ वटा कलेज/विद्यालयमा पुग्ने लक्ष्य रहेको छ।

२०८१/०८/०७ गते शुक्रबार विहान ८ बजे मध्यविन्दु क्याम्पसमा प्र.जि.अ श्री अरुण पोखरेल, सहायक प्रमुख जिल्ला अधिकारी श्री माधव प्रसाद शर्मा, प्र.उ श्री यादव ढकाल, मे.सु श्री रमेश राज आचार्य, कर अधिकृत श्री राम बहादुर कार्की, मध्यबिन्दु क्याम्पसका क्याम्पस प्रमुख श्री गणेशमान गिरी, पत्रकार महासंघका अध्यक्ष विरेन्द्र पराजुली लगायतको उपस्थितिमा २०० भन्दा बढी बिद्यार्थीहरुको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालयको तर्फबाट प्रशासकीय अधिकृत रविन्द्र ढुङ्गानाले जिल्ला प्रशासन कार्यालयबाट हुने कार्यहरुको बारेमा जानकारी गराउनुभएको थियो भने जिल्ला प्रहरी कार्यालय, मध्यविन्दु जिल्ला अस्पताल, आन्तरिक राजस्व कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट प्रवाह हुने सेवा बारे सम्बन्धीत कार्यालयहरुबाट जानकारी गराइएको थियो। प्रस्तुती पश्चात खुल्ला छलफल/अन्तरक्रिया कार्यक्रममा प्राप्त पृष्ठपोषण अनुसार आवश्यक सुधार गर्न सरकारी कार्यालयका तर्फबाट प्रतिबद्धता ब्यक्त भयो।




मध्यविन्दु बहुमुखी क्याम्प सभाहल
"विद्यार्थी संग प्रशासन"
जिल्ला प्रशासन कार्यालय
अभिमुखिकरण कार्यक्रम


THANK YOU